स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कुमार भास्करद्वारा निर्देशित फिल्म 'कौसीद'को यही असोज २६ गतेलाई प्रदर्शन मिति घोषणा गर्दै ट्रेलर सार्वजनिक गरिएको छ । सोमबार हरितालिका तीजको अवसर पारेर सार्वजनिक गरिएको करिब २ मिनेट लम्बाईको ट्रेलरमा वित्तिय ऋणको चपेटामा परेको एक दाम्पतीको पीडादायी कथालाई भनिएको छ । फिल्ममा ऋचा शर्मा र भोलाराज सापकोटा श्रीमान्-श्रीमतीको भूमिकामा छन् । फिल्ममा केदार भुषाल निर्माता रहेका छन् ।

आजको विचार...



गणेश...
(दुई पेजमा)

लालकाजी शाक्य



अभिनेता दयाहाङ राईले आफूलाई कहिल्यै पनि बक्स अफिसको दबाब नहुने बताएका छन् । 'नांगो गाउँ'को सुखद ओपनिङबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा राईले यस्तो बताएका हुन् । उनले भने, 'यो फिल्मको कथाले मलाई छोएको थियो । निर्देशक दीपेन्द्र लामाले पनि फिल्मलाई राम्रो तरिकाले तयार पारेका छन् । यसैले मन पर्‍यो होला जस्तो लाग्छ । निर्माता सुरक्षित भएको सुन्दा खुसी लाग्छ । यसकारण ममा बक्स अफिसको दबाब रहँदैन ।' आफूलाई अघिल्ला फिल्मको व्यावसायिक कीर्तिमान तोड्ने लोभ नहुने उनले बताए ।

❒ वर्ष २९ ❒ अंक ६४ ❒ २०८० असोज २ गते मंगलबार 19 September 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# आज सप्त ऋषिको पूजा गरी ऋषि पञ्चमी मनाइँदै

हाम्रा संवाददाता

**पाल्पा,** असोज १/भाद्र शुक्ल पञ्चमीका दिनमा मनाइने ऋषि पञ्चमी आज नेपाली नारीहरूले सप्त ऋर्षिको पूजा आराधना गरी मनाउँदै छन् । महिलाले बिहानै उठेर नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई ३ सय ६५ दत्तिवनले दाँत माझ्ने, गाईको गोबर, माटो र खरानी लगाई स्नान गर्ने गर्दछन् । रजस्वलाका समयमा छाइछुइ लगायत कुनै त्रुटि भए ऋषि पञ्चमीको दिन अरुन्धतीसहित सप्तऋषिको पूजा गर्नाले मुक्ति मिल्ने धार्मिक विश्वास छ ।

नारीलाई रजस्वलाको तीन दिनसम्म छुन नहुने तथा त्यस अवधिभर विभिन्न संज्ञा दिइने र चौथो दिन स्नान गरी शुद्ध हुन्छिन् भन्ने विश्वास गरिन्छ । यसैकारण आजको दिन दत्तिउन, गाईको गोबर, माटो र खरानी प्रयोग गरी स्नान गरेर पञ्चगव्य सेवन गर्नाले छुवाछूतको दोष निवारण हुन्छ भन्ने शास्त्रीय मान्यता रहेको छ । ऋषि पञ्चमीको पूजा नगरे तिजको व्रत अपुरो हुने धार्मिक विश्वास रहि आएको छ । त्यसैले नारीहरु भाद्र शुक्ल पञ्चमीका दिनमा मनाइने ऋषिपञ्चमी अरुन्धती सहित सप्त ऋषिको पूजा आराधना गरी मनाउने गर्दछन् ।

प्राचीन समयमा इन्द्रले विश्वरुपको शीरलाई तीन टुक्रा पारी हत्या गरेका कारण ब्रह्म हत्याको पाप भोग्नुपर्‍यो । यस हत्याबाट पिरोलिएका इन्द्रले आफ्नो दुःख ब्रह्मालाई सुनाए । इन्द्रको ब्रह्हम हत्या निवारणका लागि ब्रह्माले एक वर्षसम्मको दोष इन्द्रलाई भोग गराइ बाँकी दोष पृथ्वी, वृक्ष, जल र स्त्रीमा चार भाग लगाई चारैतिर फ्याँकिदिए । यसैकारण उब्जनी नहुने उर्वरभूमि, वृक्षबाट निस्कने खोटो, पानीमा निस्कने बुदबुद फेन अर्थात् फिँज र स्त्रीमा रज देखिन थालेको धार्मिक विश्वास रहेको पाइन्छ ।

रजस्वला भएका बेलामा अरुलाई छोइछाइ गर्दा महिलाको शरीरबाट निस्कने विकृत रजका कीटाणुले नराम्रा रोग निम्त्याउने र त्यसले गर्दा महिलालाई नै पाप लाग्ने भएकाले छुन नहुने र जानी नजानी छोइएमा आजको दिनमा अरुन्धती सहित सप्त ऋषिको पूजा गर्नाले त्यस पापबाट मुक्त भइने धार्मिक विश्वास रही आएकाले यस पर्वलाई वैज्ञानिक मान्नुपर्ने धर्मशास्त्रविद्हरु बताउँछन् ।



## संक्षिप्त समाचार

# कुटपिट गरी साथीको हत्या

**पाल्पा,** असोज १/स्थानीय युवाहरूबीच विवाद हुँदा पाल्पामा कुटपिटबाट एक युवकको हत्या भएको छ । पाल्पाको तिनाउ गाउँपालिका-२ दोभान घोंडेबासका २४ वर्षीय सुनिल खत्रीको आफ्नै साथीहरूबीच सामान्य विवाद हुँदा साथीहरूको कुटपिटबाट हत्या भएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी प्रहरी निरीक्षक सन्तोष चन्दका अनुसार स्थानीय युवाहरूबीच विवाद बढ्दै जाँदा राति साढे १२:३० बजेको समयमा युवकमाथि कुटपिट भएको थियो । गम्भीर घाइते खत्रीलाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पतालमा ल्याइएकामा उपचारका क्रममा राति १:४५ बजे मृत्यु भएको प्रहरी निरीक्षक चन्दले जानकारी दिए । तीजको दर खाएर राति महिला नाचिरहेका बेला युवाहरूबीच विवाद भएको थियो । त्यही विषयलाई लिएर पुन: झगडाले उग्ररूप लिएपछि खत्रीमाथि कुटपिट भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको चन्दले बताए । हत्याको आरोपमा चारजना युवालाई प्रहरीले नियन्त्रणमा लिएको छ । तर प्रहरीले थप विवरण खुलाएको छैन ।

## नेपालको संविधानका विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रामपुर नगरपालिकाद्वारा स्वास्थ्य संस्थालाई एम्बुलेन्स हस्तान्तरण

**पाल्पा,** असोज १/रामपुर नगरपालिकाले दुई स्वास्थ्य संस्थालाई एम्बुलेन्स हस्तान्तरण हस्तान्तरण गरेको छ । नगरपालिकाले गाँडाकोट स्वास्थ्य चौकी र गेझा स्वास्थ्य चौकीलाई एक कार्यक्रमका बिच एम्बुलेन्स हस्तान्तरण गरेको हो ।

नगरपालिकाले खरिद गरेको तथा नगरपालिकाको मातहतमा रहेको एम्बुलेन्स स्वास्थ्य चौकीहरुलाई सोमबार एम्बुलेन्स प्रदान गरेको हो । रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापा र उपप्रमुख बालकुमारी थापाले एम्बुलेन्सको चावी प्रदान गरी एम्बुलेन्स हस्तानान्तरण गरेका हुन् । गाँडाकोट स्वास्थ्य चौकीको लागि रामपुर १ का वडा अध्यक्ष कपिलबहादुर खाँण, गाँडाकोट स्वास्थ्य चौकीका प्रमुख मजिवुर रहमान शेख र चालकलाई, गेझा स्वास्थ्य चौकीको लागि रामपुर १० का वडा अध्यक्ष तोयानाथ सारु थापा, गेझा स्वास्थ्य चौकीका प्रमुख विक्रम भण्डारी



र चालकलाई प्रदान गरिएको थियो । एम्बुलेन्स हस्तान्तरण गर्दै नगरप्रमुख थापाले नगरबासीको स्वास्थ्य प्रति नगरपालिका प्रतिबद्ध रहेको बताए । स्वास्थ्य समस्या भएको बेला उपचारका लागि अस्पतालसम्म पुग्न सहज होस् भन्ने उद्देश्यले एम्बुलेन्स सेवा प्रदान गर्नका लागि एम्बुलेन्स हस्तान्तरण गरेको उल्लेख गरे । साथै नगरका हरेक नागरिकलाई सहज र सर्वसुलभ रुपमा अस्पताल सम्म पुग्ने वातावरण बनाउन नगरपालिका प्रतिबद्ध भएर लागेको बताए । उनले आगामी दिनमा आवश्यक वडा र स्वास्थ्य संस्थाहरुलाई पनि एम्बुलेन्स वितरण गरिने जानकारी दिए । नगर प्रमुख थापाले एम्बुलेन्स प्रदान गर्दै सही रुपमा व्यवस्थापन गरी सेवा प्रदान गर्न आग्रह गरे । कार्यक्रमको सञ्चालन रामपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख गिरीराज घिमिरेले गरेका थिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## ऋषि पञ्चमीको महत्व

तिज नेपाली जनजीवनमा विशिष्ट मौलिकता बोकेको महत्वपूर्ण चाड हो । तिज कहिलेदेखि मान्न थालिएको हो भन्ने कुनै तथ्य प्रमाण नभए पनि यससँग धार्मिक पौराणिक प्रसंगहरु जोडिएका छन् । नेपाली हिन्दु महिलाहरुले तिजको दिन व्रत बसी दोस्रो दिन आज ऋषि पञ्चमीको पूजा गर्दैछन् । यसदिन बिहान सबेरै नजिकको नदी, खोला पोखरी वा तलाउमा गई ३ सय ६५ वटा दत्तिवन चपाउने, तल्लो अंगमा माटोको लेपन लगाउने र नुहाइधुवाइ गरी शुद्ध भई देवालय, सार्वजनिक स्थल वा कसैको घरआँगनमा जम्मा भई पण्डित राखी सप्तर्षि-पत्नी अरुन्धतीसहित सप्तर्षि (कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ)को पूजा गर्ने गर्दछन् । यो पूजा गर्नाले रजस्वला भएको बेलामा कसैसँग छोइएको भए त्यो पापबाट मुक्त भइने विश्वास गरिन्छ ।

भाद्र शुक्ल पञ्चमी तिथिका दिन मनाइने यो पर्वको छुट्टै ऐतिहासिक र धार्मिक महत्व रहेको छ । श्रीमद्भागवत, गरुड पुराण लगायत अन्य पुराणहरूमा लेखिए अनुसार देवराज इन्द्रलाई ब्रह्म हत्याबाट लागेको पापलाई मुक्त गर्नका लागि चार भाग लगाई एक भाग नारीहरूको मासिक रजोधर्ममा प्रवेश गराएकोले उनीहरू चौथो दिनसम्म अशुद्ध रहने मान्यता छ । यो व्रतको शुभारम्भ सत्ययुगदेखि नै भएको देखिन्छ । छुवाछूतको दोष मेटाउन स्त्री-पुरुष दुवैले व्रत बस्नुपर्ने भएतापनि विशेष रुपले महिलाहरूले मात्रै व्रत बस्ने प्रचलन चलिआएको छ । हुन त आजको समयमा रजश्वला भनेको प्राकृतिक प्रक्रिया हो । यदि नारीहरू रजस्वला हुँदा जानेर वा नजानीकनै गरिएका जति पनि पापकर्म छन्, तिबाट मुक्ति पाउनका लागि ऋषि पञ्चमीको भूमिका महत्व रहेको छ ।

## Opinion @ Social Network

सधैंभरि ढुङ्गाको मात्रै दोष हुँदैन, कतिपय ठेसहरु
आफू हिड्न नजानेरै पनि लागेका हुन्छन् ।
(प्रविना मगरको फेसबुक स्टाटस https://www.facebook.com//prabeena.magar)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गणेश चतुर्थी (चथाः), चन्द्र दोष किन ?



लालकाजी शाक्य

***धन्य कसैले नदेखेपनि कोहि खितितित हाँसेको सुनेर को रहेछ हाँस्ने भनेर चारतिर नजर लगाउँदा आकासमा चन्द्रमा गणेशलाई हेर्दै हाँस्दै गरेको देखेर गणेशलाई रिस उथ्यो । रिसाएर भने तिमीलाई आफु अति सुन्दर छौ भनेर मलाई देखेर हाँस्यौ म तिमीलाई श्राप दिन्छु तिमीलाई देखेर सबै हाँसुन । यति भन्ने बित्तिकै चन्द्रमा मा दाग लागेर मलिन भयो । गणेश संग माफी मागे तर जति गरे पनि माफी दिएन । बल्लतल्ल गणेश घर पुग्दा चन्द्रमा पनि त्यही पुगिसकेको थियो । पार्वतीले चन्द्रमालाई किन यस्तो श्राप दिएको भनेर सोधिन् । गणेशले आफ्नो आमालाई सबै कुरा बताए । यति सानो कुरामा यस्तो गर्न हुन्न । यिनलाई माफी देउ । गणेशले भने ठिक छ हजुरले भन्नू हुन्छ भने म श्राप वापस लिन्छु तर जसरी मलाई देखेर यिनी हाँसे यिनलाई रुपको घमण्ड रहेछ । यिनको घमण्ड तोड्नलाई अब देखि महिनाको एक पल्ट मात्र यिनको रुपले पूर्णरुप लिने र महिनाको एकदिन यिनीलाई कसैले नदेखोस् यति कुरा मान्ने र भाद्र महिनाको शुक्ल पक्षमा जस्ले चन्द्रको दर्शन गर्छ उसले कुनै न कुनै घाट, अपजस, कुनै बापत लागोस् । भनेर चन्द्रमालाई श्रापबाट मुक्त गरिदिए ।***

आज मंगलबार भाद्र महिना शुक्लपक्षको चतुर्थी तिथि लाई नेवारहरुले चथा:अर्थात खुँ पूजा (चोरपूजा) भन्ने गरिन्छ । यसदिन चन्द्रमालाई हेर्‍यो भने चोरको बापत लाग्छ भन्ने बुढा पाकाको भनाई छ । त्यसकारण घाम अस्ताईसके पछि सन्ध्याको बेलासबैले खाना खाई सके पछि झ्याल ढोका बन्दगरेर कोठामानै बस्ने गर्छ । एउटा रमाईलो कथा यहाँ प्रस्तुत गर्दैछु । परापुर्व कालमा धनको धनी कुबेर लाई आफ्नो धनकोखुबै घमण्ड लागेछ । संसारमा म जतिको धनी अरु कोही छैन । यो सम्पती देवताहरुलाई देखाउनु पर्‍यो भनेर एकदिन सबै देवि देवता लाई भोजको निमन्त्रणा दिन गएछ । सबै देवता निम्तो मान्न आउने भए, तर शिवजि आउन मान्नुभएन शिवजीलाई थाहा भयो भोजको नाममा यस्ले आफ्नो सम्पत्तिको प्रदर्शन गर्न खोजी रहेछ । अत: शिवजीले भन्नु भयो । म आउन भ्याउँदैनसंगै बसेको बालक गणेशलाई देखाएर भन्नूभयो गणेशलाई लिएर जाउ । कुवेरले गणेशलाई साथ लिएर आए । बाटोमा आउँदैतस विचार गरे शिवजि आउनु भए राम्रो हुने थियो, तर बालक गणेसलाई पठाउनु भयो । बच्चा हो कतिपो खाला र ? यस्तै सोच्दै घर पुगे सबै देवता आईपुगेको थिएन । भान्सामा विभिन्न परिका तैयार हुँदै थियो । कुवेरले आफ्नो सम्पत्ति बढाई चढाई गर्दै देखाउन थाले । गणेशलाई यिसबैको मतलवनै भएन । उनलाई भान्सामा तैयार हुँदै गरेको खानाको सुगन्धले भोक बढ्दै थियो । मलाई अति भोक लाग्यो पहिला भोजन गरौं पछि सबै हेरौंला फर्किन ढिलोहुन्छ भन्नू भयो । कुवेरले खाना ल्याउन लगाएर गणेशलाई खुवाउन लागे । कपाकप खाँदैगरे थप्नेले थप्दै गरे । जति खाना वसारे पनी क्षणभर मानै सखाप पारी दिन्थे । अझै खाना ल्याउनु भन्थे । त्यत्रो देवि देवतालाई भनेर तैयार पारेको खाना गणेश एक्लैले खाएर पनि पुगेन । अन्तमा कुबेरले गणेशसंग माफी माग्दै भने अबदेखि धनको घमण्ड कहिल्यै गर्ने छैन ।

गणेशको पेट भरेकै थिएन । आधी पेट खाएर घर फर्किन लागे । सानो मुसा वाहनमा चढेर ढलीमलि गर्दै मुश्किलले गणेशलाई थाम्दै बिस्तारै बाटो लागे जाँदा जाँदारात पर्‍यो चन्द्रमाको ज्योती कोभरोसामा अगाडि बड्दै गर्दा मुसा ढुङ्गामा ठोक्किएर गणेशजि लोट्नुभयो जुरुक्क उठेर चारतिर नजर दौडाए कसैलेत देखेको छैन । धन्य कसैले नदेखेपनि कोहि खितितित हाँसेको सुनेर को रहेछ हाँस्ने भनेर चारतिर नजर लगाउँदा आकासमा चन्द्रमा गणेशलाई हेर्दै हाँस्दै गरेको देखेर गणेशलाई रिस उथ्यो । रिसाएर भने तिमीलाई आफु अति सुन्दर छौ भनेर मलाई देखेर हाँस्यौ म तिमीलाई श्राप दिन्छु तिमीलाई देखेर सबै हाँसुन । यति भन्ने बित्तिकै चन्द्रमा मा दाग लागेर मलिन भयो । गणेश संग माफी मागे तर जति गरे पनि माफी दिएन । बल्लतल्ल गणेश घर पुग्दा चन्द्रमा पनि त्यही पुगिसकेको थियो । पार्वतीले चन्द्रमालाई किन यस्तो श्राप दिएको भनेर सोधिन् । गणेशले आफ्नो आमालाई सबै कुरा बताए । यति सानो कुरामा यस्तो गर्न हुन्न । यिनलाई माफी देउ । गणेशले भने ठिक छ हजुरले भन्नू हुन्छ भने म श्राप वापस लिन्छु तर जसरी मलाई देखेर यिनी हाँसे यिनलाई रुपको घमण्ड रहेछ । यिनको घमण्ड तोड्नलाई अब देखि महिनाको एक पल्ट मात्र यिनको रुपले पूर्णरुप लिने र महिनाको एकदिन यिनीलाई कसैले नदेखोस् यति कुरा मान्ने र भाद्र महिनाको शुक्ल पक्षमा जस्ले चन्द्रको दर्शन गर्छ उसले कुनै न कुनै घाट, अपजस, कुनै बापत लागोस् । भनेर चन्द्रमालाई श्रापबाट मुक्त गरिदिए । भनिन्छ त्यही बेलादेखि चन्द्रमाको स्वरुप परिवर्तनभएको हो ।

**गणेशको पूजा कसरी गर्ने ?**

आ-आफ्नो ठाउँ वस्ती चलन अनुसार यो दिन गणेश भगवानको पूजा गरिन्छ । काठमाडौं भक्तपुर पाटनमा समयबजी राखेर पूजा गरी प्रसादको रुपमा समयबजी जाड रक्सी खाने गरिन्छ, भने कसैले शुद्ध शाकाहारी पूजा गरिन्छ । हाम्रै तानसेनमा कसैले समयबजी राखेर पूजा गर्छ कसैले शुद्ध शाकाहारी पूजा गर्छ । चोखो पूजा गर्दा टक्सार टोलमा पारिजातको फुल (पालचा स्वाँ) र अमासी (अम्बा, बेलाउती) अनिवार्य चाहिन्छ । यदि ति सामान उपलब्ध भएन भने त्यसैको पात राखेर पूजा गरिन्छ । प्रसादको रुपमा भुटेको मकै संगै लट्टे, जुनेली, मुंगफली रुखकटहरको बियाँ, उसिनेको पिँडालु, सकरकण्ड, फर्सिका साथै गेडागुडी भुतेर प्रसादराखने गरिन्छ । पूजा सकेपछि त्यही प्रसाद बाँडेर खाने चलन अद्यापी छ ।

**अनौठो चलन**

हाँसो लाग्दो चलन कसै-कसैलाई वाहियात बेकार लाग्न सक्छ । जस्ले जे सोंचे पनि नेवारहरुले मनाउने चाडपर्वमा कुनै न कुनै रहस्य वा कारण रहेको जरुर पाईन्छ । मंगल चौथी अर्थात् गणेशचौथी यो साल आज मंगलबार दुई गते परेको छ । चलन अनुसार राति कुकुर भुकेपछि चोर आएको थानेर चोरको पूजा गरिन्छ । यदि कुकुर भुकेन भने घरको होस् वा छाडा कुकुर पितेर कराउन लागेपछी पूजा सुरु गरिन्छ । भएन त अनौठो चलन ? अझै भन्नू पर्दा अरुबेला पूर्व हेरेर पूजा गरिन्छ भने त्यो दिन पञ्चिम फर्केर चन्द्रमालाई पूजा गरिन्छ । पूजा गर्दा सिधैं चन्द्रमासंग आँखा जुधाउन्न हुन्न । अघि नै लेखी सकेको छु ठाउँ अनुसारको आफ्नै चलन हुन्छ भनेर । यहाँ बन्दीपुरमा मनाउने गणेश चौथी को बारेमा छोट्करीमा जानकारी गर्दछु । बन्दिपुरको नेवार समुदाय बन्दिपुर छाडेर अनेत्र गएर बसेका आफन्त हरुसबै चौथीको दिन पूजामा सामेल हुनुपर्छ । कसैले भाकल गरेको छभने त्यहिदिन पूरा गर्नुपर्छ । पूजा गर्ने साँझ पखसबै रोलक्रम र उमेर अनुसार जेठादेखि बस्नुपर्छ । (नकि) घरको मुली आईमाईले सुकुण्डा थापना गरेर पूजा गरिन्छ ।

पूजा सकेपछि भोज खाने गर्छ । भाकल गरेर काटेको बोका छ भने बोकाको टाउको पकाएर मासु रोलक्रम अनुसार कसैलाई आँखा कसैलाई कान कसैलाई जिभ्रो दिने चलन छ जस्लाई नेवारीमा सि काएगु भन्छ । भोज सिद्धिएपछि (नकी) मुले एउटा भाँडामा सबै जुठो जम्मा गरेर( ख्यो बो) अर्थात भूतलाई भनेत छुट्याएको भाग त्यसैमा राखेर, पाला वा दुनामा बत्ती बालिसके पछि उठाएर फाल्न लैजानु भन्दा अगाडि भिजेको केराउ छर्केर भोज खाएको ठाउँलाई शुद्ध बनाई सकेपछि मुलीले जुठो समाएर अघि-अघि र त्यस पछि कुचो लतार्दै बुहारी वा अरु कोही आईमाई सबैभन्दा पछिकाले कलसबाट पानीको धारा चुहाउँदै मुलढोकासम्म पुर्‍याउछन् । जुठो समाउनेले दोबाटोमा फालेर नबोली पछाडी नहेरीकन मूल ढोकामा आएपछि कलसको पानीले मुख, हात, खुट्टा धोएर भित्र पस्नुपर्छ । बाकी रहेको पानी फाली दिने गर्छ ।

**गणेशको रुप**

हामीले जाने अनुसार गणेश एउटै छन्, तर गणेशले गरेको विभिन्न कृतिकलाले गर्दा विभिन्न नाम रहेको पाईन्छ । चारदिशामा चार विनायक मात्र हैन काठमाडौं भित्रपनि गणेशले गरेको लिला र काम अनुसार सयकडौं नाम रहेको पाइन्छ । यहाँ सबैको नाम लेखेर साध्य नै छैन । भारत र नेपाल हिन्दु धर्म मान्ने एउटै भगवानलाई मान्ने भएपनि फरक फरक रुपमा पूजा गरिन्छ । नेपालमा अकसर बली दिने र प्रसादको रुपमा मासु खाने गरिन्छ । भारतमा शाकाहारी रुपमा भव्य रुपमा भगवानको पूजा गरिन्छ । त्यहाँ मिठाईको प्रयोग बढी हुन्छ । गणेश चतुर्थीको दिन भगवान गणेशको मूर्ति थापना गरेर दिन रात चौबिसै घण्टा पूजा गर्छ । विसर्जन भने आफ्नै तरिकाले गर्छ । कसैले तीन दिनमा कसैले पाँच दिनमा र कसैले पूरा दस दिन मनाएर भव्यताका साथ बाजा बजाएर नाच्दै समुन्द्र, खोला वा पोखरीमा लगेर मूर्ती सेलाउँछन् ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सरकारी निकायको भय रहला । महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । | **तुला** : वैदेशिक क्षेत्रबाट राम्रो हुने र व्यापार र व्यवसाय फस्टाउनेछ । |
| **वृष** : घुम्न जाने योजना बन्न सक्छ । ठूला व्यक्तिले मेहनतको प्रसंग गर्नेछन् । | **वृश्चिक** : जीवन साथीको सल्लाहमा गरिएको कार्यबाट सफलता मिल्नेछ । |
| **मिथुन** : जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट सफलता मिल्नेछ । | **धनु** : घुम्न जाने योजना बन्नसक्छ । ठूला व्यक्तिले मेहनतको प्रसंग गर्नेछन् । |
| **कर्कट** : वैदेशिक क्षेत्रबाट राम्रो हुने र व्यापार र व्यवसाय फस्टाउनेछ । | **मकर** : लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् । |
| **सिंह** : धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन्, तर विद्या र बुद्धिमा ह्रास आउन सक्छ । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । परोपकारमा रुचि बढ्नेछ । |
| **कन्या** : स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ । | **मीन** : कार्यमा सफलता पाइनेछ । प्रेमीको सहयोग पनि पाइनेछ । |




# एप्पलको आईओएस १७ का के–के छन् विशेषता ?



एप्पलले आज आईओएस १७ को स्टेबल भर्सन सबैको लागि साझा गर्ने भएको छ । बेटा प्रयोगकर्ताहरूले यसलाई पहिलेदेखि नै प्रयोग गर्दै आइरहेका छन् । कम्पनीले तीन महिनाअघि एक कार्यक्रममा यसबारे जानकारी दिएको थियो ।

यसमा लाइभ भ्वाइस मेल, फेसटाइम मेसेज रेकर्ड गर्ने सुविधा, पर्सनलाइज्ड कन्ट्याक्ट पोस्टरसहित अन्य फिचरहरू पाइनेछ । यसमा हुने नेमड्रप फिचरको मद्दतले आईफोन प्रयोगकर्ताहरूले दुईवटा फोनलाई छेउमा लगेर कन्ट्याक्ट साझा गर्न सक्नेछन् ।

यस फिचरको मद्दतले नाम, मोबाइल नम्बर र ईमेल आईडी साझा गर्न सकिनेछ । त्यस्तै, लाइभ भ्वाइस मेलको फिचरबाट प्रयोगकर्ताले फोन नउठाई कल गर्ने व्यक्तिको कुरा जान्न सक्नेछन् । लाइभ भ्वाइस मेल फिचर प्रयोग गर्न पहिलोपटक यसलाई सेटिङमा गरेर इनेबल गर्नुपर्ने हुन्छ । आईओएस १७ मा स्ट्यान्डबाई मोड पनि दिइएको छ । फोन चार्जिङ गर्दा ल्यान्डस्केप मोडमा राख्दा यो फिचर आफै सुचारु हुनेछ ।


यसो गर्दा डिस्प्लेमा समय, मितिको साथै विजेट लगायतको साथै रिमान्डरहरु बारे जानकारी दिनेछ । यसै गरी यसमा पाइने कस्टमाइज्ड कन्ट्याक्ट पोस्टरको फिचरले प्रयोगकर्ताले आफ्नो कन्ट्याक्टलाई आफूले चाहेजस्तो बनाउन सक्नेछन् । त्यसमा फोटो प्रयोग गर्न नचाहे इमोजीहरू पनि प्रयोग गर्न सकिनेछ ।

*लाइभ भ्वाइस मेल फिचर प्रयोग गर्न पहिलोपटक यसलाई सेटिङमा गरेर इनेबल गर्नुपर्ने हुन्छ । आईओएस १७ मा स्ट्यान्डबाई मोड पनि दिइएको छ । फोन चार्जिङ गर्दा ल्यान्डस्केप मोडमा राख्दा यो फिचर आफै सुचारु हुनेछ । यसो गर्दा डिस्प्लेमा समय, मितिको साथै विजेट लगायतको साथै रिमान्डरहरु बारे जानकारी दिनेछ । यसै गरी यसमा पाइने कस्टमाइज्ड कन्ट्याक्ट पोस्टरको फिचरले प्रयोगकर्ताले आफ्नो कन्ट्याक्टलाई आफूले चाहेजस्तो बनाउन सक्नेछन् । त्यसमा फोटो प्रयोग गर्न नचाहे इमोजीहरू पनि प्रयोग गर्न सकिनेछ ।*

आईओएस १७ मा अपडेट गरेपछि तपाईले 'हे सिरी' नभनेर केवल 'सिरी' मात्र भनेर भ्वाइस कमान्ड सुचारु गर्न सकिनेछ । यद्यपि, एप्पलले भ्वाइस कमान्डबाट 'हे सिरी' भन्ने पूर्ण रूपमा हटाएको भने छैन । यसमा रहेको फेस टाइम कलको फिचरबाट प्रयोगकर्ताले रेकर्ड गरिएका भिडियो र अडियो मेसेज पठाउन सक्नेछन् ।

*-रातोपाटी डटकम*

# गुगल क्रोमका गज्जबका ट्रिक, यसरी प्रयोग गर्नुहोस्



विश्वमा सबैभन्दा धेरै प्रयोग गरिने इन्टरनेट ब्राउजर हो गुगल क्रोम । एन्ड्रोइड स्मार्टफोनहरुमा यो ब्राउजर डिफल्ट रुपमै राखिएको हुन्छ । आफ्ना विभिन्न खास फिचरहरुका कारण पनि क्रोम प्रयोगकर्ताहरुबीच निकै लोकप्रिय छ र अन्य ब्राउजरलाई धेरै पछि छाड्न सफल भएको छ ।

गुगल क्रोमलाई सबैभन्दा फास्ट वेब ब्राउजरको रुपमा पनि चिनिन्छ । क्रोममा विभिन्न यस्ता लुकेका फिचरहरु छन्, जसका बारेमा धेरै प्रयोगकर्ताहरुलाई थाहा नै हुँदैन । धेरै प्रयोगकर्ताले थाहा नै नपाएका यस्तै पाँच वटा फिचर्सका बारेमा चर्चा गरौं ।

**इनकग्निटो मोडमा पासवर्ड राख्ने** : यदि तपाईले आफ्नो इन्टरनेट ब्राउजरको सर्च हिस्ट्री अरुबाट लुकाउन चाहनुहुन्छ भने गुगल क्रोमको इनकग्निटो मोड निकै उपयोगी हुन्छ । यदि तपाई व्यक्तिगत तथा गोप्य काम इन्टरनेटमा गरिरहनुभएको छ भने त यो सर्वाधिक उत्तम विकल्प हो ।

यदि तपाई इनकग्निटो मोडलाई अझै धेरै सुरक्षित बनाउन चाहनुहुन्छ भने तपाईंले यसमा फिंगर प्रिन्ट लक राख्न सक्नुहुन्छ । यो फिचरको प्रयोग गर्नका लागि तपाईंले आफ्नो गुगल क्रोममा chrome://flags/#incognito–reauthentication–for–android टाइप गी त्यसमा बायोमेट्रिक फिंगर प्रिन्ट सेट गर्न सक्नुहुन्छ ।

**इनकग्निटो मोडको स्क्रिनशट लिने** : गुगल क्रोममा ब्राउजिङ गर्दा जब तपाई इनकग्निटो ट्याबमा काम गरिरहनु भएको हुन्छ तब तपाईले उक्त वेब पेजको स्क्रिनशट लिन सक्नुहुन्न । त्यसरी स्क्रिनशट लिंदा कालो स्क्रिन मात्रै देखिन्छ । तर तपाईले एउटा साधारण ट्रिक अपनाएर इनकग्निटो ट्याबको स्क्रिनशट लिन सक्नुहुन्छ । यसका लागि तपाईले गुगल क्रोम खोलेर chrome://flags/#incognito–screenshot थिच्नुभयो भने जुन ट्याब खुल्नेछ त्यसको तपाईले स्क्रिनशट लिन सक्नुहुन्छ ।

**Parallel Downloads फिचर** : कहिलेकाहीँ नेटवर्क राम्रो नहुँदा हामीले कुनै पनि फाइलहरु उच्च गतिमा डाउनलोड गर्न पाउँदैनौं । यस्तोमा तपाईका लागि Parallel Downloads फिचर निकै काम लाग्दछ । यो फिचरलाई सक्रिय पार्नका लागि गुगल क्रोम खोलेर chrome://flags/#enable–parallel-downloading टाइप गरी Enter थिच्नुपर्दछ ।

**सबैमा लाइभ क्याप्सन** : एन्ड्रोइड भर्सनमा तपाईले Live Captions फिचर अवश्य पनि देख्नुभएको होला । यो फिचरको सहयोगले तपाईले पूरै सिस्टमको भिडियोमा लाइभ क्याप्सन देख्न सक्नुहनछ । यदि तपाईसँग कुनै आइफोन तथा आइप्याड छ भने पनि यो फिचर निकै काम आउँछ । यो फिचरलाई सक्रिय बनाउनका लागि गुगल क्रोम खोलेर chrome://flags/#enable–accessibility-live-caption टाइप गरी भ्लतभच गर्नुहोस् ।

**Smooth Scrolling** : कहिलेकाहीँ गुगल क्रोममा इन्टरनेट ब्राउज गरिरहेको बेला हाम्रो फोन नै सुस्त हुने तथा ह्याङ हुने समस्या हामीले भोगका हुन्छौं । कहिले काहीँ त हामी उही पेजमा अड्किरहन्छौं । यदि तपाई पनि यस्तै खालको समस्याको समाना गरिरहनु भएको छ भने कुनै व्यवधान बिनाको ब्राउजिङका लागि तपाईल गुगल क्रोमको Smooth Scrolling फिचरको सहयोग लिन सक्नुहुन्छ । त्यसका लागि क्रोममा chrome://flags/#smooth-scrolling टाइप गरी भ्लतभच थिचेर त्यसलाई सक्रिय बनाउन सकिन्छ ।

*-अनलाईन खबर डटकम*

# सामसङले ल्यायो नयाँ अफर




सामसङ नेपालले दसैंलाई लक्षित गर्दै नयाँ योजना 'सामसङ मोबाइल च्याप्पै, स्कुटर झ्याप्पै' ल्याएको छ । कम्पनीका अनुसार यो योजना अन्तर्गत कुनै पनि सामसङ मोबाइल वा ट्याब्लेट किन्दा हरेक दिन ( शनिबारबाहेक) उपहार स्वरूप टिभिएस नटर्क स्कुटर जित्ने अवसर प्राप्त हुन्छ । सामसङ नेपालले हरेक दिन उपहारमा दुई लाख ३३ हजार ९ सय रूपैयाँ मूल्य बराबरको एउटा टिभिएस एनटर्क प्रदान गर्नेछ । २५ दिने यो योजनामा २५ जना विजेताले उक्त उपहार पाउनेछन् ।

सामसङ स्मार्टफोन र ट्याब्लेट किन्ने जो कोही ग्राहक यो योजनामा सहभागी हुन सक्नेछन् । शनिबार यो योजना नभए पनि शनिबारको दिन प्रवर्द्धन योजनामा सहभागी भएका ग्राहकको नाम आइतबार गरिने लक्की ड्रमा सामेल गरिनेछ । यो योजना आगामी असोज ५ गतेदेखि कात्तिक ३ गतेसम्म सञ्चालन हुनेछ । यद्यपि ग्राहकहरू असोज २ गतेदेखि नै योजनामा सहभागी हुन सक्नेछन् । असोज २ देखि असोज ५ सम्म प्राप्त भएका इन्ट्रीहरूलाई असोज ५ गते हुने लक्की ड्रमा एकसाथ समावेश गरिने कम्पनीले जनाएको छ । लक्की ड्र सातामा दुईपटक इमेज च्यानलको म्युजिक अफ योर च्वाइस कार्यक्रममा प्रस्तुत गरिनेछ ।

**टिभिएस एनटर्क जित्न सहभागी हुने प्रक्रियाहरू ।**

**१.** सामसङ स्मार्टफोन वा ट्याब्लेट किन्ने ।

**२.** नयाँ उपकरणको सिरियल नम्बर प्राप्त गर्न *#06# डायल गर्ने।

**३.** SAMSUNG<space> सिरियल नम्बर टाइप गरेर ३१००१ मा एसएमएस गर्ने । उदाहरणका लागि SAMSUNG XXXXXXXXXXX इन्ट्रीको पुष्टि तुरून्तै पाइनेछ । विजयी सिरियल नम्बरको घोषणा इमेज च्यानलमार्फत गरिने लाइभ लक्की ड्रमा गरिनेछ । उक्त परिणाम भोलपल्ट सामसङको अफिसियल फेसबुक पेजमा पनि पोस्ट गरिनेछ । यसबाहेक सामसङको अर्को अफर पनि छ । सामसङ स्मार्टफोन वा ट्याब्लेट 'सुविधाजनक इन्स्टा फाइनान्स सुविधा' अन्तर्गत मासिक किस्तामा शून्य प्रतिशत ब्याजदरमा किन्न सकिनेछ । देशभरका तीन सयभन्दा बढी सामसङ इन्स्टा फाइनान्स सुविधा रहेका पसलहरूका साथै २२ वटा 'सामसङ एक्सपिरिएन्स स्टोर' हरूबाट यो सुविधा लिन सकिनेछ ।

*-सेतोपाटी डटकम*

# एनसेल १८ वर्ष पूराः दुई करोड अनुदान दिँदै




दूरसञ्चार सेवा प्रदायक एनसेल आजियाटा लिमिटेडले १८ वर्ष पूरा गरेको छ । सन् २००५ मा आजकै दिन अर्थात् सेप्टेम्बर १७ बाट कम्पनीले सेवा सुरु गरेको बताएको छ । काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै कम्पनीले आफ्नो १८औँ वार्षिकोत्सव मनाएको हो । सुरुमा 'मेरो मोबाइल'का रूपमा सञ्चालनमा आएर पछि एनसेल रिब्रान्डिङ भएको कम्पनीले हाल नेपालमा एक करोड ६० लाखभन्दा बढी प्रयोगकर्तालाई सेवा दिइरहेको बताएको छ ।

एनसेलका प्रमुख कार्यकारी अधिकृत (सीईओ) एवं प्रबन्ध निर्देशक जाब्वोर कायुमोभले देशको दूरसञ्चार आवश्यकता र प्रविधि विकासलाई सम्बोधन गर्न अझैं जिम्मेवार बनेको बताएका छन् । उनले 'बहुसंख्यक नेपालीलाई सेवा पाउन कठिनाइ भएको ठाउँमा सहज पहुँच सुनिश्चित गराउने' प्रतिवद्धता व्यक्त गरेका छन् । यस अवसरमा एनसेलले 'आज, भोलि, सधैं सँगै' प्रतिवद्धताअन्तर्गत नयाँ थिम 'हामी तपाईकै लागि'को घोषणा गरेको छ ।

**विशेष अफर** : एनसेलले आफ्नो वार्षिकोत्सवका अवसरमा ग्राहकहरूसँग खुसी बाँड्न विशेष अफरसमेत सार्वजनिक गरेको छ । यो अफरमा सामेल भएर हरेक ग्राहकले केही न केही उपहार जित्ने कम्पनीले जनाएको छ । यसका लागि प्रयोगकर्ताले आफ्नो एनसेलको सिममा एस्ट्रिक १७११७ ह्यास डायल गरेर हरेक दिन २८ दिनसम्म बिनाशुल्क केही न केही उपहार पाउनेछन् । यस्तै, प्रत्येक हप्ता एक हजार ग्राहकले १०० रुपैयाँ ब्यालेन्ससमेत पाउने कम्पनीले जनाएको छ । र अफरको अन्त्यमा सातजना भाग्यशाली ग्राहकले एक-एक ओटा स्कुटर प्राप्त गर्नेछन् । साप्ताहिक र बम्पर उपहार जित्न प्रयोगकर्ताले अफर अवधिभर एनसेलको सेवा प्रयोग गरेको हुनुपर्नेछ । साथै एनसेलका लागि रचनात्मक नारा एनसेल एपबाट वा वेबसाइट कम्पनीलाई पठाउनुपर्नेछ ।

**प्यारालम्पिकलाई सहयोग** : यस्तै एनसेलले १८औँ वार्षिकोत्सवको अवसरमा आफ्नो व्यावसायिक सामाजिक जिम्मेवारी (सीएसआर) अन्तर्गत विभिन्न सहयोगका योजना घोषणा गरेको छ । यसका लागि एनसेलले राष्ट्रिय प्यारालम्पिक समिति (एनपीसी)सँग सहकार्यको घोषणा गरेको छ । कम्पनीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा प्रतिनिधित्व गर्ने प्यारालम्पिक खेलाडीको समग्र तालिम र विकासका लागि उनीहरूलाई आवश्यक पर्ने आहार र पोषण वर्षभरी सुनिश्चित गर्न सहयोग गर्ने बताएको छ । कार्यक्रममा विशेष क्षमता रहेका खेलाडीहरूले आफूहरूका लागि सरकारले पूर्वाधारमा ध्यान नदिएको, प्राथमिकतामा नराखेको, समाजले सकारात्मक दृष्टिकोण नराखेको अवस्थामा समेत आफूहरूले अन्तर्राष्ट्रिय स्तरमा देशका लागि खेलेको बताएका छन् । उनीहरूले एनसेलले अब, आफूहरूलाई सहयोग गर्ने भएकोमा खुसी व्यक्त गरे ।

**सात प्रदेशमा १८ कार्यक्रम** : एनसेलले यस अवसरमा सामुदायिक स्तरमा लागु हुने १८ वटा सामुदायिक विकास परियोजना हरेकमा १० लाख रुपैयाँसम्मको प्रदान गर्ने घोषणा गरेको छ । सात वटै प्रदेशमा एनसेलले प्रदान गर्ने यो सहायता प्राप्त गर्न कुनै पनि गैरनाफामूलक संस्थाहरूले आ-आफ्नो स्थानीय समुदायलाई हित गर्ने कुनै पनि सामुदायिक विकास परियोजनाका लागि आवेदन दिनुपर्नेछ । इच्छुकले एनसेलको वेबसाइटबाट आवेदन दिनसक्ने छन् र तीमध्ये छानिएका सीएसआर आयोजनाका लागि कम्पनीले सहायता प्रदान गर्नेछ । यसरी करिब दुई करोड रुपैयाँ बराबरको सहायता कम्पनीले उपलब्ध गराउने बताएको छ । कम्पनीले यी योजना आफ्नो थिम 'हामी तपाईकै लागि' अन्तर्गत रहेको बताएको छ ।

**सरकारलाई झन्डै दुई खर्ब ८३ अर्ब, २६ हजारलाई रोजगारी** : एनसेलले आफ्नो स्थापनाकालदेखि गत आर्थिक वर्षसम्म कर र शुल्कवापत सरकारलाई दुई खर्ब ८३ अर्बभन्दा बढी भुक्तानी गरेको बताएको छ । यस्तै, दिगो विकास हासिल गर्ने सरकारका लक्ष्य अनुरुप विगत १८ वर्षमा शिक्षा, वातावरण र स्वास्थ्यलगायत क्षेत्रमा विभिन्न परियोजनामा एक अर्ब ८० करोड रुपैयाँभन्दा बढी योगदान गरेको बताएको छ । यस्तै, कम्पनीले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा २६ हजार जनालाई रोजगारी उपलब्ध गराएको जनाएको छ ।

**गुनासो सुन्न अधिकारी एनसेल सेन्टरमा, सीईओको ह्यान्डल खुला** : कम्पनीको १८औँ वार्षिकोत्सवको अवसरमा एनसेलका उच्च अधिकारीहरूले देशभरका विभिन्न एनसेल सेन्टरको भ्रमण एवं अवलोकन गरेर ग्राहकहरूको गुनासो सुनेका छन् । एनसेलका अधिकारी एवं कर्मचारीहरूले सेन्टरको भ्रमण गरेर ग्राहकहरूको सल्लाह सुझाव संकलन गरेका छन् र आवश्यक सुधार गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । यस्तै, आम प्रयोगकर्ताको गुनासो सुन्नकै लागि एनसेलका सीईओ जाब्वोरले 'एनसेलसीईओ' नामक ट्विटर ह्यान्डल खुला गरेका छन् । त्यहाँबाट उनले एनसेलका सबै गुनासो सुन्ने र आवश्यक सुधार गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । *-बाह्रखरी डटकम*

# शित्तलपाटी डटकम बन्यो मिडिया पार्टनर




**काभ्रे,** असोज २/काठमाडौं विश्व विद्यालयका विद्यार्थीहरुले आयोजना गर्ने केयु ह्याकफेष्टको तेस्रो संस्करण २०२३ सेप्टेम्बर २९, ३० र अक्टोबर १ अर्थात असोज १२, १३ र १४ गते हुने भएको छ ।

काठमाण्डौं विश्वविद्यालय कम्प्युटर क्लबद्वारा आयोजित केयु ह्याफेस्ट नविनता र सहकार्यको सुनौलो संगम भएको कुरा आयोजकहरुले जनाएका छन् । पछिल्लो संस्करणमा २९ मुलुकका ६ सय भन्दा बढी प्रतिस्पर्धीहरुले भाग लिएका थिए । सो ह्याक्याथन लागि ६० भन्दा बढी नयाँ परियोजना निर्माण हुने हुँदा यो प्रतियोगिता नेपालका लागि अत्यान्तै उपयोगी हुने आयोजकहरुको भनाई छ । पछिल्ला संस्करणहरुको सफलतालाई अनुशरण गरेर यो प्रतियागिता यसपटक पनि हुन लागेको हो । काठमाडौं विश्वविद्यालयमा के यु ह्याकफेष्ट आयोजना हुनु र त्यो फेस्टीवलमा सूचना र प्रविधिको क्षेत्रमा भएका विकासक्रमहरुका विषयमा जानकारी दिने कार्यक्रम आफैमा नेपालको सूचना र प्रविधिको बिकासका लागि महत्वपूर्ण पक्ष भएको आयोजक काठमाडौं विश्व विद्यालयका कम्प्युटर साईन्स इन्जिनियरिङ्गका विद्यार्थी फेस्टीवलका संयोजक महिप अधिकारीले जानकारी दिए । केयु ह्याकफेष्ट एउटा ह्याक्याथन मात्र नभई असिम रचनात्मकता र नविनतम सूचना र प्रविधिका क्षेत्रमा भएका विकास र सम्भावनाहरुका विषयमा स्थलगत जानकारी दिने र लिने माध्यमका रुपमा विकास गर्ने सोंचका साथ शुरु भएको हो । फेस्टीवलमा विभिन्न स्थानका आइटि डेभलपर, डिजाइनर, र प्रविधि उत्साहीहरुको ज्ञान र विचार साट्ने थलो भएको बताईएको छ । यो प्रतियोगिताको शितलपाटी डटकम मिडिया पार्टनरका रुपमा रहेको छ ।

# रामपुरमा फन पार्कको उद्घाटन तथा तीज गीत प्रतियोगिता



**पाल्पा,** असोज २/रामपुर नगरपालिका वडा ५ मटेरी पाल्पामा फनपार्क सञ्चालनमा आएको छ । आइकोनिक ग्रुप प्रालिको लगानीमा निर्माण भएको रामपुर फनपार्कको सोमबार विधिवत रुपमा उद्घाटन सहित तीज गीत प्रतियोगिता भएको हो ।

फनपार्कको उद्घाटन गर्दै रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापाले रामपुरको पर्यटन प्रवर्द्धन र विकासमा यसले थप टेवा पुग्ने बताए । नगरभित्र आन्तरिक र बाह्रय पर्यटन भित्र्याउनका लागि यस्ता पार्कहरुको महत्वपूर्ण भूमिका हुने भन्दै सञ्चालन सफलताको शुभकामना दिए । उनले नगरको पर्यटन प्रवर्द्धन गर्ने दायित्व स्थानीय सरकारको भएतापनि यसका लागि निजी क्षेत्रले पनि सघाउन आवश्यक रहेको उल्लेख गरे । पर्यटनको विकासका लागि निजी क्षेत्रबाट भएको लगानी र यो महत्वपूर्ण कामको प्रसंशा गरे । महिलाहरुको महान चाड तीजको प्रसंग जोड्दै नगर प्रमुख थापाले पछिल्लो समय तीज लगायत विभिन्न चाड पर्वको मौलिकता हराउँदै गएको भन्दै चिन्ता व्यक्त गरे । मौलिक तीजका भाकाको संरक्षण र चाडपर्व मनाउने शैलीको निरन्तरताका लागि सबै लाग्न आवश्यक रहेको औल्याए । उनले यसको संरक्षणका लागि यस्ता विभिन्न प्रतियोगिताले महत्वपूर्ण भुमिका खेल्ने बताए । कार्यक्रममा महिला नेतृ विष्णुमाया ढकालले भड्किलो संस्कारले हरेक संस्कृति र चाडवर्पको महत्व घट्दै गएको बताइन् ।

विगतको समयमा तीज पर्व मनाउने शैली र अहिलेको शैली धेरै फरक भएको भन्दै मौलिकताको संरक्षण र यसको सुधारका लागि लाग्नुपर्ने बताइन् । कार्यक्रममा रामपुर नगरपालिका वडा ५ का अध्यक्ष दुर्गाप्रसाद पोखरेल, वडा ७ का अध्यक्ष दोवराज तिवारी, नेपाली काँग्रेस रामपुरका नगर सभापति नेत्रप्रसाद भट्टराई, एकिकृत समाजवादीका अध्यक्ष फणेश्वर गौतम, रामपुर आईकोनिक ग्रुपका अध्यक्ष भोजेन्द्र प्रकाश ढकाल, सञ्चालक शेयर सदस्य पुरुषोत्तम केसीले विचार व्यक्त गरेका थिए । फनपार्क उद्टानका अवसरमा पूर्वी पाल्पा सक्रिय आमा समुह रामपुर ५ पाल्पाको आयोजना र आइकोनिक ग्रुपको सहयोगमा खुल्ला तीज गीत प्रतियोगिता भएको छ । आमा समुहका अध्यक्ष सावित्रा गौतमको अध्यक्षतामा भएको प्रतियोगिता रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाको प्रमुख आतिथ्यतामा भएको हो । आमा समुहकी तुलसी गौतमको स्वागतबाट शुरु भएको कार्यक्रमको सञ्चालन आईकोनिक ग्रुपका सचिव दिपेन्द्र भट्टराई र पवित्रा पौडेल ढकालले गरेका थिए । ९ समुहको सहभागिता रहेको प्रतियोगितामा प्रथम मिना भण्डारी न्यौपाने रामपुर १० को समुह, द्वितीय गीता घिमिरे रामपुर ६ को समुह र तृतीय सावित्रा पराजुली रामपुर ५ पाल्पाको समुह भएको थियो ।

## खेलकुद समाचार

# प्रिमियर लिगमा आर्सनलको जित



**काठमाडौं,** असोज १/इंग्लिस प्रिमियर लिग फुटबलमा आर्सनलले एभर्टनलाई १-० गोलले हराएको छ । खेलको एकमात्र गोल लियान्ड्रो ट्रोसार्डले ६९औं मिनेटमा गरेका थिए । जितपछि आर्सनल पाँच खेलमा चारमा जित र तिनमा हारसहित तालिकाको चौथो स्थानमा छ । पराजित एभर्टन पाँच खेलमा एक अंक सहित १८ औं स्थानमा छ ।

अर्को खेलमा चेल्सी र बर्नमाउथले बराबरी खेले । चेल्सीले बर्नमाउथको घरेलु मैदान भिटालिटीमा गोलरहित बराबरी खेलेको हो । बराबरीसँगै चेल्सीको पाँच खेलमा पाँच अंक भएको छ ।

चेल्सी अंक तालिकाको १४औं स्थानमा रहेको छ । बर्नमाउथ समान खेलमा तीन अंकसहित तालिकाको १५ औं स्थानमा रहेको छ । प्रिमियर लिगमा म्यानचेस्टर सिटी शत प्रतिशत नतिजा सहित शिर्षस्थानमा रहेको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा सामान्य वृद्धि



**पाल्पा,** असोज १/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सामान्य अंकले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार सोमबार नेप्से परिसूचक चार दशमलव २६ अंकले वृद्धि भएर लागेर एक हजार नौ सय ६९ दशमलव १८ मा पुगेको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव शून्य चार अंकले बढेर लागेर तीन सय ७८ दशमलव ७३ मा पुगेको छ । कूल १३ उपसमूहमध्ये सोमबार १२ उपसमूहको शेयर मूल्य बढेको छ भने एक उपसमूहको मात्रै घटेको छ । विभिन्न कम्पनीका कूल २८ लाख ७४ हजार दुई सय ७५ कित्ता शेयर रु ८७ करोड चार लाख ४४ हजार एक सय ५६ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबार रकमका आधारमा रिलायबल नेपाल लाइफ इन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु नौ करोड ३८ लाख ८० हजार आठ सय ६० बराबरको कारोबार भएको छ । यस्तै, एनआइसी एशिया बैंक रु चार करोड ३४ लाख तीन हजार, साल्ट ट्रेडिङ कर्पोरेशन रु तीन करोड ९९ लाख ४० हजार पाँच सय ८५,एभरेष्ट बैंक रु तीन करोड ६० लाख ८२ हजार छ सय २८ र आइएमई लाइफ इन्स्योरेन्स रु दुई करोड ४२ लाख छ हजार आठ सय ९७ मूल्य बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार इमर्जिङ नेपाल नौ दशमलव ९९, श्री स्टार हाइड्रोपावर नौ दशमलव ९८, भूगोल इनर्जी डेभलपमेन्ट आठ दशमलव ७२, आरबीबी म्युचुअल फण्ड दोस्रो सात दशमलव ९४ र मेछ्याङ हाइड्रोपावरको शेयर मूल्य सात दशमलव ७७ प्रतिशतले बढेको छ । साथै शुभम पावर नौ दशमलव ९९, पिपुल्स पावर चार दशमलव ९६, समता घरेलु लघुवित्त तीन दशमलव ५१, सप्तकोशी डेभलपमेन्ट बैंक तीन र गुराँस लघुवित्तको शेयर मूल्य एक दशमलव ९९ प्रतिशतले घटेको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई